# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमतीप्रदेश, नेपाल**

## मिति २०८१।०१।०२ गते बसेको ४२ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी प्रगतिको बारेमा जानकारी भयो ।

२) हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको जानकारी हुनुका साथै वडा नं. ११ र १४ को बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्म स्वीकृत गर्ने ।

३) हेटौंडा उपमहानगरपालिका वडा नं. १८ मा बलभद्रको नाती झटक बहादुर भण्डारीको छोरा पुष्कर बहादुर भण्डारीको नाममा रहेको जिल्ला मकवानपुर साविक हटिया गा.वि.स.को कि.नं. ३०३४ को ज.वि. ०-७-८-० जग्गा हेटौंडा उपमहानगरपालिकाको मापदण्ड अनुसार बाटो सार्वजनिकको लागि पेश हुन आएकोमा हेटौंडा उपमहानगरपालिकाको मापदण्ड बमोजिम हुने गरी प्रति कठ्ठा रु.२५,०००।०० राजस्व लिई जग्गा विकास कार्यक्रमको प्रक्रिया अगाडि बढाउने ।

४) हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय पछाडिको जग्गा मिति २०७७।०१।१४, च.नं. ६६०६ को पत्रबाट बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, मकवानपुरलाई सभागृह निर्माण गर्न उपलब्ध गराइएकोमा हाल उक्त जग्गा हेटौंडा उपमहानगरपालिकालाई नै आवश्यक रहेको हुँदा उक्त जग्गामा निर्माण हुने सभाहलको स्वामित्व र जग्गाको भोगाधिकार हेटौंडा उपमहानगरपालिकाको नै हुने गरी निर्माण सम्पन्न गरी हस्तान्तरण गरी दिनको लागि बागमती प्रदेश सरकार समक्ष पत्राचार गर्ने ।

५) हेटौंडा उपमहानगरपालिका वडा नं. ११ थानाभऱ्याङ्ग स्थित जग्गा नगर कार्यपालिकाको मिति २०७८।१२।१६ गतेको निर्णय बमोजिम नेपाल उद्योग बाणिज्य महासंघ बागमती प्रदेश कार्यालय भवन निर्माणार्थ उपमहानगरपालिकालाई आवश्यक पर्दा फिर्ता लिने गरी सिफारिस गरिएकोमा हाल उक्त जग्गा हेटौंडा उपमहानगरपालिकालाई आवश्यक परेको हुँदा सो संस्थालाई भवन निर्माणार्थ सिफारिस गरिएको जग्गा फिर्ता लिने ।

६) हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकबाट मिति २०८०।०३।०१ गते नगर प्रहरीका ५ जना वैकल्पिक उमेदवारलाई कार्यालयलाई तत्काल आवश्यक परेको भनी सेवा करार गरी काममा लगाइएकोमा उक्त ५ जना नगर प्रहरीहरुलाई सेवाबाट अवकाश गरी कार्यालयलाई आवश्यक स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसारको जनशक्तिहरु सेवा करारमा प्रतिस्पर्धाको माध्यमबाट लिन विज्ञापन गर्ने ।

७) नेपाल सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको सन्दर्भमा सो आयोगसँग सम्बन्धित काम गर्ने गरी यस कार्यालयले सेवा करारमा राखेका विभिन्न जनशक्तिलाई राष्ट्रिय भूमि आयोग गठन भई आएमा र बजेट व्यवस्था भए पछि पूनः ती जनशक्तिलाई काममा फिर्ता बोलाउने गरी सेवाबाट अवकास दिने ।

९।२

(प्रवक्ता)

८) हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्ष २०८०/०८१ को तपसिल बमोजिमको स्वीकृत कार्यक्रमहरु वडा कार्यालयहरुबाट सञ्चालन गर्न तपसिल बमोजिमक वडा कायम हुन अनुरोध भई आएकोले तपसिल बमोजिमका वडा तथा योंजना कायम गर्ने:

तपसिल

| सि.नं. | स्वीकृत योजनाको नाम | वडा नं. | रकम | संशोधित योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रामकाजी पंधेरो संरक्षण | हेटौंडा-७ | २,००,०००।०० | रामकाजी पंधेरो संरक्षण | हेटौंडा-६ | २,००,०००।०० | |
| २ | कालोपानी हुँदै भ्लोन टोल जाने बाटो | हेटौंडा-१४ | ५,००,०००।०० | माने हुँदै उत्तरपानी जाने बाटो | हेटौंडा-१४ | ५,००,०००।०० | |

९) यस कार्यालयबाट विगत वर्षहरुमा सञ्चालन भएका तपसिल बमोजिमका योजनाहरु विभिन्न कारणबाट सम्झौतामा तोकिएको अवधि भन्दा पछाडि योजना सम्पन्न भई भूक्तानीको लागि अनुरोध भई आएकोले तपसिल बमोजिम म्याद थप गर्ने:

तपसिल

| सि.नं. | योजनाको नाम | स्वीकृत रकम | म्याद थप भएको मिति |
|---|---|---|---|
| १ | मनकामना ख टोल विकास संस्था अन्तर्गत ज्योती मार्ग र श्रृजना मार्ग बाटो सल्याव ढलान हेटौंडा-५ | १,००,०००।०० | २०८१।०१।१५ |
| २ | वनदेवी जेनिथ सडक स्ल्याव ढलान हेटौंडा-५ | ३,००,०००।०० | २०८१।०१।१५ |

१०) हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा गरेको कार्यसम्पादनको आधारमा क्रमशः प्रथम् र दोस्रो भई पुरस्कृत भएका वडा नं. १२ र १५ वडाहरुले पुरस्कार रकमबाट वडाको निर्णय बमोजिम विनियोजन गरी ल्याएका योजना तथा कार्यक्रमहरु स्वीकृत गरी आगामी नगर सभाबाट अनुमोदन गर्ने ।

११) हेटौंडा उपमहानगरपालिकाको नीति अनुरुप आर्थिक रुमा विपन्न सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई स्वस्थ्य बिमा सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सामाजिक विकास महाशाखा अन्तर्गतको जनस्वास्थ्य शाखाबाट पेश भएको नामावली स्वीकृत गर्ने ।

१२

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमतीप्रदेश, नेपाल

१२) हेटौंडा उपमहानगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) को व्यवस्था बमोजिमको प्रकृया पुरा गरी आएका डि.जि.एन.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., हेटौंडा-३, के.वी. ग्रुप अप इन्जिनियरिङ्ग प्रा.लि., हेटौंडा-४ र सुवेदी ग्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., हेटौंडा-१४ लाई "घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने ।

१३) हेटौंडा उपमहानगरपालिका वडा नं. १६ आकासधारा सडक खण्ड स्तरोन्नती कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को लागि सताब्दी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.ले पेश गरेको कार्यसूची (TOR) र हेटौंडा उपमहानगरपालिका वडा नं. ३ बसामाडीमा प्रस्तावित नेपाल आई प्रोग्राम द फ्रेड होलोज इन्ट्रा-अकुलर लेन्स ल्याबोरोटोरी स्थापना कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को लागि तयार गरिएको कार्यसूची (TOR)स्वीकृत गरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को बाँकी प्रकृया अगाडि बढाउने ।

१४) हेटौंडा उपमहानगरपालिकाले चालू आर्थिक वर्ष २०८०/०८१ मा. गरेको व्यय अनुमानका क्षेत्रगत केही शीर्षकमा बजेट अपुग भई विनियोजन गर्नु पर्ने भएको हुँदा प्रचलित कानून बमोजिम चालू आर्थिक वर्षमा खर्च नहुने शीर्षकबाट २५ प्रतिशत बजेट रकम रकमान्तर गरी अपुग शीर्षकमा खर्च गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने ।

सविन न्यौपाने

प्रवक्ता

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिका

मिति २०८०/०१/०२